# विज्ञापन रहित (Clean Feed) नीति, २०७३

१. **पृष्ठभूमिः–**

नेपालमा स्वदेशी र विदेशी गरी सयौं च्यानलहरुको प्रशारण घरघरमा उपलब्ध हुदै आएको छ । यसरी उपलब्ध टेलिभिजन च्यानलहरुवाट नेपाली जनताले स्वदेशी तथा विदेशी सूचना, जानकारी र मनोरन्जनात्मक कार्यक्रम हेर्दे आएका छन् । सूचना, शिक्षा र मनोरन्जनका लागि महत्वपुर्ण मानिने टेलिभिजन प्रशारणमा विज्ञापन प्रशारणका विषयमा भने विभिन्न देशमा आफ्नै प्रकारको नीति लिने गरिएको छ । नेपालमा त्यस प्रकारको कुनै नीति नहुँदा विदेशी च्यानलहरुले निर्वाध रुपमा कार्यक्रमका साथ साथै विज्ञापन प्रशारण गरि रहेको पाईन्छ । एकातिर उपभोक्ताले केवल वा DTH लाई शुल्क तिर्नु पर्ने र अर्को तर्फ विज्ञापन समेत हेर्नु पर्ने वाध्यता छ । साथै यसरी विज्ञापन सहित विदेशी च्यानलहरु नेपालमा प्रशारण हुँदा वहुराष्ट्रिय कम्पनिहरु स्वदेशी टेलिभिजन च्यानलहरुमा विज्ञापन कम गर्ने गरेको गुनासो समेत आउने गरेको छ ।

विश्वमा शुल्क तिरेर मात्र हेर्न पाउने सःशुल्क च्यानल (Pay channel) र शुल्क नतिरी हेर्न पाईने निःशुल्क च्यानल (Free to air) गरी २ प्रकारको प्रशारण हुने गरेको पाईन्छ । निःशुल्क च्यानलहरुले विज्ञापन सहित प्रशारण गर्ने गरेपनि ग्राहकहरुसंग शुल्क लिदैनन् भने सःशुल्क च्यानलहरुले विज्ञापन रहित प्रशारण गर्ने र ग्राहकबाट शुल्क लिन पाउने अन्तराष्ट्रिय प्रचलन रहेको छ । यसरी टेलिभिजन च्यानलहरुले शुल्क लिई विज्ञापन रहित प्रशारण गर्ने व्यवस्था नै Clean Feed हो । विज्ञापनरहित प्रशारणलाई सम्बन्धित देशको नीति र कानूनले व्यवस्थित गर्ने गरेको पाइन्छ । नेपालमा राष्ट्रिय प्रशारण ऐन र नियमावली लागु भएपछि वि.सं. २०५२ साल देखि विदेशी टेलिभिजन च्यानलहरु प्रवेश गर्ने मौका पाए । त्यस्ता च्यानलहरु बहुराष्ट्रिय कम्पनीका विज्ञापन सहित नेपालमा निर्वाध रुपमा प्रशारण भई रहेका छन् भने कतिपय अन्य विदेशी मुलुकका टेलिभिजन च्यानलहरु विज्ञापन रहित आउने र भारतमा विज्ञापन भरेर नेपालमा प्रशारण गर्ने गरेको समेत पाईन्छ ।

विदेशी टेलिभिजन च्यानलहरु डाउनलिङ्कको अनुमति लिएर नेपाली टेलिभिजन सिग्नल वितरक (DTH र केबुल वितरक) मार्फत दर्शकको घरघरमा पुग्ने गरेको छ । अपवाद च्यानलहरु बाहेक अन्य सबै विदेशी च्यानलहरु निर्वाधरुपमा विज्ञापन सहित प्रशारण हुने गरेको पाईन्छ। नेपालमा प्रशारणको लागि डाउनलिङ्कका अनुमति लिने च्यानलहरुको संख्या १४७ रहेको छ। केही अपवाद बाहेक सबै खाले विदेशी च्यानलहरुले विज्ञापनमा ठुलो रकम खर्च गर्ने बुहुराष्ट्रिय कम्पनीका विज्ञापन नेपाली दर्शकहरुले मासिक रुपमा शुल्क

तिरी हेर्नु पर्ने अवस्था छ भने स्वदेशी विज्ञापन बजार खुम्चिएको अवस्थामा छ । यहि पृष्ठभुमिमा यो नीति आवश्यक भएको हो ।

## २. वर्तमान अवस्थाः–

### २.१.राष्ट्रिय सन्दर्भः

राष्ट्रिय प्रशारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ लागु भएपछि प्रशारण क्षेत्रमा स्वदेशी तथा विदेशी च्यानलहरुको प्रभाव वढ्न थाल्यो । राष्ट्रिय प्रशारण नियमावलीमा विदेशी च्यानल प्रशारणको लागि सिग्नल वितरण गर्न चाहने संस्था वा व्यक्तिले डाउनलिङ्कको अनुमति माग गर्न सक्ने व्यवस्था गर्यो । निःशुल्क वा विज्ञापन समावेश नभएको सःशुल्क च्यानललाई रु. २५,०००।– इजाजत दस्तुर र विज्ञापन समावेश भएको सःशुल्क च्यानल भए रु. ५०,०००।– इजाजत दस्तुर लिएर डाउनलिङ्कको अनुमति दिन सकिने कानूनी व्यवस्था नियमावलीले गरेको छ ।

सोही कानूनी व्यवस्था बमोजिम हाल १४७ वटा विदेशी च्यानलहरुले नेपालमा प्रशारण गर्न अनुमति लिएका छन् । ति मध्ये १०० भन्दाबढी सःशुल्क च्यानलहरु हुन भने बाँकी निःशुल्क च्यानल छन् । डाउनलिङ्क अनुमति दिदा विज्ञापन रहित सःशुल्क भनिने च्यानललाई बार्षिक शुल्कमा छुट भएपनि त्यसको प्रशारणको अनुगमन गर्ने व्यवस्था गर्न सकिएको छैन । कुन च्यानल विज्ञापन सहित वा रहित भन्ने प्रशारण हेरेर मात्र अनुमान गर्न सकिने अवस्था छ ।

बहुराष्ट्रिय कम्पनीका उत्पादनको लक्षित बजार नेपाल समेत रहेको छ । विदेशी सःशुल्क च्यानलहरुले नेपालमा निर्वाध रुपमा विज्ञापन सहित प्रशारण गर्ने गरिएको पाइन्छ । नेपालमा डाउनलिङ्क अनुमति लिएर प्रशारण हुने टेलिभिजन च्यानलहरु विज्ञापन रहित (Clean Feed) बनाउनका लागि नेपाली प्रशारक तथा विज्ञापन एजेन्सीहरुले विज्ञापन रहित (Clean Feed) प्रशारण नीति लागु गर्न बारम्बार माग गरेका छन् ।

विदेशी टेलिभिजन च्यानलहरुलाई नियमन गरी विज्ञापन सहित वा रहित प्रशारण गर्न नीति र कानून बनाउने अन्तराष्ट्रिय प्रचलन पनि रहेको सन्दर्भमा नेपालले पनि विज्ञापन रहित (Clean Feed) प्रशारणको लागि नीति र कानून बनाई लागु गर्न अत्यावश्यक भएको छ । यस नीति मार्फत विदेशी विज्ञापनबाट नेपाली भाषा, संस्कृतिमा भएको अतिक्रमण रोक्ने, विदेशी टेलिभिजन च्यानलहरुमा हुने विदेशी विज्ञापन प्रशारणलाई नियमित गर्ने, स्वदेशी विज्ञापन बजारलाई विस्तार गर्ने, विज्ञापनका माध्यमबाट राजश्व र रोजगारीमा बृद्धि गर्न सकिने देखिएकोले यो नीति बनाईएको हो ।

**२.२ अन्य मुलुकको अभ्यासः**

कुनै पनि सःशुल्क विदेशी च्यानलले विज्ञापन रहित (Clean Feed) प्रशारण गर्दा ग्राहकबाट शुल्क लिन पाउने र विज्ञापन सहित प्रशारण गर्ने निःशुल्क च्यानल (Free–to–air) ले ग्राहकबाट शुल्क लिन नपाउने हुँदा विदेशी टेलिभिजन च्यानललाई आफ्नो मुलुकमा नीति र कानून बनाएर नियमन गर्न सकिने अन्तराष्ट्रिय अभ्यास र मान्यता रहेको छ ।

अमेरिका, युरोपेली मुलुकहरु, दक्षिणपूर्वी एसियाली मुलुकहरुले विज्ञापन सहित (Advertisement Feed) प्रशारण गर्ने च्यानलहरुले ग्राहकबाट शुल्क लिन नपाउने तर विज्ञापन रहित (Clean Feed) मा प्रशारण गर्ने च्यानलहरुले ग्राहकबाट मासिक शुल्क लिन पाउने व्यवस्था गरेका छन् ।

दक्षिण एसियाली राष्ट्रहरु मध्ये पाकिस्तानले विदेशी च्यानल नियमन गर्ने कानून बनाएर विदेशी च्यानलले ग्राहकबाट शुल्क लिन नपाउने गरेको छ । श्रीलंकाले विदेशी च्यानलको फिडलाई नियमन गर्ने व्यवस्था गरेको छ । बंगलादेशले सःशुल्क च्यानलमा मूल्य नियमनको कानूनी व्यवस्था गरेको छ । भूटानमा च्यानल वितरणको अधिकार सरकारी निकायमै राखिएको छ । यसरी यी सबै मुलुकमा विदेशी च्यानलमा हुने विज्ञापन प्रशारणलाई नियमन गरेको देखिन्छ । नेपालमा भने यस सम्वन्धमा व्यवस्था हुन सकेको छैन ।

**३. <u>नीतिको उदेश्यः</u>**

नेपालमा विदेशी च्यानल प्रशारणमा विज्ञापन सहित र विज्ञापन रहित प्रशारणमा बार्षिक २५ हजारको शुल्कमा भिन्नता बाहेक अन्य कुनै भिन्नता रहेको पाईदैन । नेपालमा प्रशारण हुने विदेशी च्यानलहरुले विज्ञापन सहित प्रशारण गर्ने हुँदा बहुराष्ट्रिय कम्पनिहरुको नेपाली च्यानलमा विज्ञापन दिने तर्फ त्यति उत्साहित नभएको र विज्ञापन वजार खुम्चिएको धारणा विज्ञापन व्यवसायीहरुको छ । विज्ञापनदाताले उपलब्ध गराएको विज्ञापनको नेपाली दर्शक समेतलाई गणना गरी विदेशी प्रशारकले फाईदा लिने गरेको धारणा व्यवसायीहरुको छ । एकातिर वहुराष्ट्रिय कम्पनिका विज्ञापन कम हुँदा नेपालको टेलिभिजन उद्योगमा आम्दानी कम हुने, आम्दानी कम हुँदा गुणस्तरीय कार्यक्रम निर्माण हुन नसक्ने र गुणस्तरीय कार्यक्रम उत्पादन हुन नसक्दा दर्शकहरु विदेशी च्यानल प्रति आश्रित हुने जसले गर्दा नेपाली भाषा, सँस्कृति, परम्परा, रितिरिवाज र मौलिकता समेत ओझेलमा पर्ने भएकोले त्यसको जगेर्ना गर्ने उदेश्यले यो नीति ल्याइएको हो ।

यसका अतिरिक्त विदेशी च्यानल सिग्नल वितरकहरु आधिकारिक विक्रेता हुने होडमा बढी भन्दा बढी मूल्य तिर्ने गरेको कारण ठूलो मात्रामा विदेशी मुद्रा विदेशिने गरेको छ । विदेशी च्यानलका सिग्नल वितरककाविच एकाधिकार, विवाद, झगडा र अदालतमा मुद्दा समेत गरी समय र श्रोतको अनुत्पादक खर्च भईरहेको हुँदा स्वदेशी टेलिभिजन र विज्ञापन एजेन्सीहरुलाई प्रोत्साहन गर्न, ठूलो मात्रामा विदेशीने विदेशी मुद्रालाई कम गर्न, विदेशी विज्ञापनबाट नेपाली भाषा, संस्कृतिमा भएको अतिक्रमण रोक्न, विदेशी टेलिभिजन च्यानलहरुमा हुने विदेशी विज्ञापन प्रशारणलाई नियमित गर्न, स्वदेशी विज्ञापन बजारलाई विस्तार गर्न, विज्ञापनका माध्यमबाट राजश्व र रोजगारीमा बृद्धि गर्नका लागि नेपाल भित्र प्रशारण हुँने विदेशी च्यानलहरुमा Clean Feed नीति लागु गर्न आवश्यक रहेकोले यो नीति ल्याईएको हो । यसका मुख्य उदेश्यहरु यस प्रकार छन् ।

क) नेपालमा डाउनलिङ्क अनुमति लिई प्रशारण हुने विदेशी टेलिभिजन च्यानललाई विज्ञापन रहित बनाई दर्शकहरुलाई स्वच्छ र सफा रुपमा हेर्न सक्ने बनाउने ।

ख) बहुराष्ट्रिय कम्पनिका उत्पादनको विज्ञापनलाई स्वदेशी च्यानलहरुवाटै प्रशारण गराई स्वदेशी विज्ञापन एजेन्सी र टेलिभिजन च्यानलहरुलाई आत्मनिर्भर बनाउने ।

ग) स्वदेशी च्यानलहरुमा वहुराष्ट्रिय कम्पनिका विज्ञापन वृद्धि गराई उनीहरुका कार्यक्रमको गुणस्तर वृद्धि गर्ने ।

घ) स्वदेशी कार्यक्रमको गुणस्तर बृद्धि गराई विदेशी च्यानलबाट हुने भाषीक तथा साँस्कृतिक अतिक्रमण न्युन गर्ने ।

ङ) नेपाली विज्ञापन बजार वृद्धि भई थप रोजगारी श्रृजना हुने ।

च) विज्ञापन बजारको वृद्धिवाट राजश्व संकलनमा समेत थप योगदान पुर्याउने ।

छ) नेपालमा कार्यक्रम उत्पादन, प्रशारण लगाएतका गतिविधि वृद्धि भई टेलिभिजन व्यवसायलाई उद्योगको रुपमा विकास गर्ने ।

## ४. नीतिको लक्ष्य

नेपालमा डाउनलिङ्क अनुमति लिई प्रशारण हुने विदेशी च्यानललाई विज्ञापन रहित (Clean Feed) बनाई सवै किसिमका विज्ञापनहरु स्वदेशी संचार माध्ययमहरुबाट प्रशारण गरी स्वदेशी विज्ञापन बजारलाई विस्तार गर्ने र विज्ञापनका माध्यमबाट राजश्व र रोजगारीमा बृद्धि गरी विदेशी च्यानलको नाममा ठूलो मात्रामा हुने विदेशी मुद्राको वहिर्गमनलाई घटाउदै जाने ।

## ५. नीतिको प्रभावः–

यो नीति लागु गर्दा मुलुकमा विदेशी च्यानल हेर्ने दर्शक र खासगरी शहरी क्षेत्रका दर्शकमा निम्न प्रभाव पर्न सक्ने देखिन्छ ।

क) विदेशी सःशुल्क च्यानलहरुको सिग्नलको मूल्य केहि महंगो हुन सक्ने ।

ख) सःशुल्क च्यानलहरुको विज्ञापन रहित प्रशारणको समय नेपालको स्थानीय समय अनुकुल नहुन सक्ने ।

ग) विदेशी प्रशारकहरुले वितरण गर्ने च्यानलमा विज्ञापन रहित नेपाल फिड तयार गर्न नसक्दा केहि विदेशी च्यानलको प्रशारण रोकिन सक्ने ।

घ) सःशुल्क च्यानलमा समेत विज्ञापन सहित सिग्नल लिई सोझै प्रशारण गरि आएका स्वदेशी सिग्नल वितरकहरुले प्रशारण प्रविधिमा सुधार गर्नु पर्ने, थप जनशक्ति र लागत समेत लाग्न सक्ने ।

ङ) सःशुल्क च्यानलको मूल्यमा केहि वृद्धि हुन सक्ने ।

## ६. रणनीतिहरु

यो नीति कार्यान्वयका लागि निम्न रणनीतिहरु अपनाईने छ ।

क) डाउनलिङ्क अनुमति लिई प्रशारण गरिरहेका केवल अप्रेटर तथा वितरकहरु समेतको सहभागीतामा सूचना तथा संचार मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक समिति बनाई नीति कार्यान्वयनमा उत्पन्न हुने समस्याको समाधान गर्ने ।

ख) उक्त कार्यदलमा विज्ञापन एजेन्सी संघका प्रतिनिधिका साथै प्रशारकहरुको समेत सहभागीता गराउने ।

ग) बिज्ञापन रहित प्रशारण नीतिको समिक्षा गरि त्यसमा कुनै संसोधन गर्नु पर्ने भए कार्यदलले सिफारिश गर्ने ।

घ) विदेशी च्यानल हेर्ने उपभोक्तालाई चर्को शुल्क तिर्न नपर्ने गरी सुविधा उपलव्ध गराउन आवश्यक पहल गर्ने ।

ङ) विदेशी मुद्रा विनियमको सिफारिश सम्वन्धी व्यवस्थालाई सरलीकृत पार्ने ।

च) Clean Feed मा प्रशारण हुने विदेशी च्यानलको मूल्य निर्धारणमा समस्या भएमा प्रकरण (क) बमोजिमको कार्यदलले आवश्यक सिफारीस गर्ने ।

## ७. कार्य नीतिहरुः–

नेपालमा विज्ञापन रहित प्रशारण गर्नका लागि निम्न कार्यनीतिहरु अवलम्वन गरिने छ ।

क) यो नीति लागु भएपछि डाउनलिङ्क अनुमति लिई टेलिभिजन प्रशारण गर्न चाहने संस्थालाई विज्ञापन रहित हुनु पर्ने शर्त तोकी अनुमति प्रदान गर्ने ।

ख) यो नीति लागु हुनु पूर्व डाउनलिङ्कको अनुमति लिइसकेका सबै प्रकारका विदेशी टेलिभिजन च्यानल प्रशारकहरुलाई आ.व. ०७३।७४ को अन्तिम सम्म आफ्ना च्यानलहरुलाई विज्ञापन रहित प्रशारण गर्न शर्त तोक्ने ।

ग) डाउनलिङ्क अनुमति लिइसकेका ती विदेशी च्यानलहरुको लागि दिइने विदेशी विनिमय सिफारिश सोही आधारमा गर्ने ।

घ) आ.व. ०७३।७४ भित्र विज्ञापन रहित प्रशारण गर्ने विदेशी च्यानलहरुको डाउनलिङ्क अनुमति पत्र मात्र आ.व. ०७४।७५ मा नविकरण गर्ने ।

ङ) राष्ट्रिय प्रशारण नियमावली, २०५२ मा संशोधन गरी डाउनलिङ्क सम्बन्धी दस्तुरलाई विज्ञापन रहित प्रशारण गर्न अनुमति दस्तुर एकमुष्ठ तोक्ने ।

च) टेलिभिजन सिग्नल, डाउनलिङ्क सिग्नल र केबुल वितरणलाई व्यवस्थित गर्न राष्ट्रिय प्रशारण ऐन अन्तर्गत छुट्टै नियमावली स्वीकृत गरी लागु गर्ने ।

छ) नेपाली टेलिभिजन च्यानलमा हुने व्यापारिक बस्तुहरुको विज्ञापन अनिवार्य रुपमा सेन्सर गरेर प्रशारण गर्ने व्यवस्था गर्ने ।

ज) Clean Feed मा नेपालमा प्रशारण हुने विदेशी च्यानलहरुमा नेपालमै तयार हुने विज्ञापनको फिड गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने ।

## ८. नीति कार्यान्वयन र अनुगमनः–

नेपालमा प्रशारण हुने विदेशी टेलिभिजन च्यानलहरु प्रशारण गर्दा विज्ञापन रहित (Clean Feed) प्रशारण गर्ने व्यवस्था गर्न तयार पारिएको विज्ञापन रहित (Clean Feed) नीति, २०७३ कार्यान्वयनका लागि सूचना तथा सञ्चार मन्त्रालयले गर्ने छ ।

(क) कार्यान्वयन कार्ययोजना

| क्र.सं | क्रियाकलाप | समय | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|
| १. | विज्ञापन रहित नीति सरोकारवालाहरुसंग अन्तक्रिया गरी कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने | २०७३ भाद्र मसान्त सम्म | सूचना तथा संचार मन्त्रालय | |
| २. | राष्ट्रिय प्रशारण नियमावलीमा आवश्यक संशोधन गर्ने, | २०७३ आश्विन मसान्त सम्म | सूचना तथा संचार मन्त्रालय | |
| ३. | टेलिभिजन सिग्नल वितरण र केबल वितरण सम्बन्धी छुट्टै | २०७३ माघ मसान्त सम्म | सूचना तथा संचार मन्त्रालय | |

| | | | | |
|---|---|---|---|---|
| | नियमावली तर्जुमा गरी लागु गर्ने । | | | |
| ४. | समग्र विज्ञापन निर्माण, वितरण, प्रकाशन र प्रशारणको लागी छुट्टै नियम र संरचना तयार गरी लागु गर्ने, | २०७३ चैत्र मसान्त सम्म | सूचना तथा संचार मन्त्रालय | |
| ५. | विज्ञापन रहित प्रशारण (Clean Feed) पूर्णरुपले कार्यान्वयन हुने | २०७४ श्रावण १ देखि | सूचना तथा संचार मन्त्रालय | |

(ख) नीतिको नियमित अनुगमन गरिनेछ ।